आज मिति २०७८० साल वैशाख १० गते आइतबार विहान ११:०० बजे नयाँ प्रशासकीय भवनको कार्यपालिका बैठक हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिम उपस्थित भयौं।

-उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री पुष्पा कुमारी झा | प्रमुख प्रशासकीय अधिकृत | |

सहजकर्ता :- श्री जीतेन्द्र गिरी, [illegible]
श्री तारानाथ अधिकारी, डी.पी.
श्री चन्द्रिका थापा, डी.पी.

Scanned with CamScanner

# सम्वत् २०८० साल वैशाख १० गते आइतबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्बन्धमा। | यस गाउँपालिकाको मिति २०७९ चैत्र २५ गते शनिबारको गाउँ कार्यपालिका वैठकको निर्णयहरु समीक्षा गरियो। |
| २ | वाल विकास सहजकर्ताको विद्यालयगत कोटा निर्धारण सम्वन्धमा । | यस गाउँपालिकाको वाल विकास सहजकर्ताको दरवन्दी नभएका देहायका विद्यालयहरुलाई गाउँ शिक्षक अनुदान रकमवाट प्रचलित स्केल वमोजिम तलब भत्ता भुक्तानी हुने गरी निम्न वमोजिम प्रारम्भिक वाल विकास सहजकर्ताको कोटा उपलब्ध गराउने: (तल तालिका) |
| ३ | झोलुङ्गे पुल हेरालु सम्वन्धमा । | यस गाउँपालिका भित्रका झोलुङ्गे पुलहरु संरक्षण र सम्वर्द्धन गर्न आवश्यक भएकोले गाउँपालिका कार्यालयले अनुगमन गरी/गराई आवश्यकताअनुसार आगामी आ.व.मा झोलुङ्गे पुल हेरालु नियुक्त गरी व्यवस्थापन गर्ने । |
| ४ | इन्टरनेट सेवा विस्तारको म्याद थप सम्वन्धमा । | यस गाउँपालिकाभर इन्टरनेट सेवा विस्तारको लागि यस गाउँपालिकाको कार्यालय र एरोनेट प्रा.लि. वीच मिति २०७९ जेठ २६ मा भएको सम्झौता (TRN/W/NCB/01/2078/079) वमोजिम मिति २०७९/०८/२६ मा म्याद समापन भई मिति २०७९/०९/१० को कार्यपालिका वैठकको निर्णय वमोजिम तथा एरोनेट प्रा.लि.को माग वमोजिम कार्य सम्पन्न गर्ने म्याद २०७९/१२/२६ सम्म (चार महिना) म्याद थप गरिएकोमा विविध कारणवश कार्य सम्पन्न नभएकोले मिति २०८०/०२/२६ सम्म (दुई महिना) अन्तिम पटकको लागि पुनः म्याद थप गर्ने र उक्त अवधिभित्र कार्य सम्पन्न गर्न नसकेमा ठेक्का सम्झौता रद्द गरी कानूनी कारबाही समेत अगाडी बढाउन सिफारिस गर्ने । |

निर्णय नं. २ को तालिका:

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कोटा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | श्री ध्रुवतारा प्राथमिक विद्यालय पिपलडाँडा | वडा नं. ७ | १ (एक) | |
| २. | श्री नारायणपुर प्राथमिक विद्यालय आम्वोटे | वडा नं. ९ | १ (एक) | |
| ३. | श्री वाल प्राथमिक विद्यालय गिजनचौर | वडा नं. १० | १ (एक) | |
| ४. | श्री आधारभूत विद्यालय लंगुरडाँडा | वडा नं. १० | १ (एक) | |
| ५. | श्री प्राथमिक विद्यालय ढुंग्रेअवल | वडा नं. १० | १ (एक) | |
| ६. | श्री लक्ष्मी प्राथमिक विद्यालय केरावारी | वडा नं. १० | १ (एक) | |



Scanned with CamScanner

## सम्वत् २०८० साल वैशाख १० गते आइतबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ५ | वैदेशिक रोजगारी सम्वन्धी पार्श्वचित्र निर्माण सम्वन्धमा । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा ११ को उपदफा २ "थ" मा भएको व्यवस्था वमोजिम यस गाउँपालिकावाट वैदेशिक रोजगारमा गएका र वैदेशिक रोजगारमा गएर फर्किएकाहरुको तथ्याङ्क सङ्कलन, व्यवस्थापन र अभिलेखीकरण गरी वैदेशिक रोजगार सम्वन्धी प्रोफाइल तयार गर्नका लागि सामी कार्यक्रम अन्तरगत संघीय सरकारवाट प्राप्त सशर्त बजेट रु.४,००,०००/- (चार लाख) अपुग हुने भएको र सो प्रोफाईल तयारीका लागि आवश्यक कुल रु.६,७०,०००/- (छ लाख सत्तरी हजार) प्रस्तावित वजेटमा वाँकी रु.२,७०,०००/- (दुई लाख सत्तरी हजार) वजेट गाउँपालिकाको समपूरक कोषवाट विनियोजन गरी प्रोफाईल वनाउने कार्य अगाडि वढाउने । |
| ६ | सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि, २०८० सम्वन्धमा । | विधेयक समितिवाट प्राप्त निम्न वमोजिम कार्यविधिहरुमाथि दफावार छलफल गरी पारित गर्ने:<br>१. सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि, २०८० पारित गर्ने । |
| ७ | वेरुजु फछ्यौंट समिति गठन गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको वेरुजु फछ्यौंट सम्वन्धी कामकाज गर्न गाउँ सभामा रहेके लेखा समितिमा नेपाल सरकारवाट लेखा सम्वन्धी सेवाबाट अवकाश प्राप्त एक जना विज्ञ करारमा लिने र तत्काल वेरुजु फछ्यौंट सम्वन्धी काम अगाडी वढाउने । |
| ८ | विविध । | (क) वडा नं. १ को छर्छरेमा सोलार लिफ्टिङ प्रविधि मार्फत सञ्चालनमा आएको ४२ घरधुरीले खानेपानी योजनाको मोटर पम्प विग्रिई खानेपानी वितरणमा समस्या भएकोले मोटर मर्मत वापत इष्टिमेट वमोजिम प्राप्त रकमको ५० (पचास) प्रतिशत गाउँपालिकाको समपूरक कोषवाट खर्च व्यहोर्ने ।<br>(ख) वडा नं. ३ स्थित श्री विश्वज्योति आधारभूत विद्यालय कोलडाँडा डुँडेलाई वडा नं. ०३ वस्ने श्री निर वहादुर तामाङले निजको श्री मालपोत कार्यालय, सिन्धुलीमा नाप नक्सा भएको साविक पाटनदेवी गाविस ७/ख कि.नं. वाट क्षेत्रफल दस धुर (०-१०-०-०) जग्गा दान स्वीकृत गर्ने ।<br>(ग) यस गाउँपालिकाको वडा नं. ४, ६ र ११ चकमके वोक्सिटार हुँदै लुभु वडा कार्यालय र गडाम्से वडा नं. ६ कार्यालय जाने सडकको ठेक्का (TRM/W/NCB/03/2079-080) लागि वाँकी रहेको रकमवाट वडा नं. ४ स्थित वागथला जाने वाटो मर्मत गर्न रु.६,००,०००/- (छ लाख) वरावरको कामको इष्टिमेट गरी उपभोक्ता समिति मार्फत गर्ने । |

## सम्वत् २०८० साल वैशाख १० गते आइतबारको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु

| निर्णयनं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | (घ) वडा नं. ७ मा केन्द्रीय लाइन विस्तार गर्न विघुत पोल ढुवानी, अत्यावश्यक जडान सामाग्री खरिद तथा दक्ष मिस्त्री ज्याला वापतको रकम प्राविधिक इष्टिमेट गरी गाउँपालिकाले समपूरक कोषवाट व्यहोर्ने । अदक्ष कामदार लगायत अन्य कुराहरु सम्वन्धित उपभोक्ताहरुले गर्ने। |

Scanned with CamScanner